सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०　　संख्याः १　　मितिः २०८३।०६।२२

## भाग-२

# विद्यालय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावनाः**

विपद् तथा जलवायु परिवर्तनको जोखिमबाट विद्यालयलाई सुरक्षित बनाउदै सुरक्षित समुदाय निर्माणको लक्ष्य हासिल गर्ने उद्देश्यका साथ विद्यालयमा हुन सक्ने विभिन्न किसिमका विपद्को पहिचान गर्न, पूर्वतयारी र व्यवस्थापन गर्न, विपदबाट हुने जोखिमको न्यूनिकरण गर्ने योजनाको तर्जुमा गर्न र त्यसको कार्यान्वयन गर्न, विपद् सम्बन्धी सचेतना तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्न,

विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक तथा समुदायमा विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रभावकारीता ल्याउन, जलवायु परिवर्तन अनुकुलनको प्रवर्द्धन गर्न तथा जिउधनको सुरक्षा व्यवस्था मिलाई नियमित पठनपाठन सञ्चालनका लागि विद्यालय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यविधि बनाउन बाञ्छनीय भएकोले,

सुनिलस्मृति गाउँपालिकामा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०८१ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी सुनिलस्मृति गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "विद्यालय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले सुनिलस्मृति गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा

व्यवस्थापन ऐन, २०८१ सम्झनुपर्छ ।#

(ख) "अन्तरनिहित कमजोरी" भन्नाले प्रकोपको चपेटामा पर्न सक्ने क्षेत्रमा रहेका संरचना, समुदाय आदि सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले सुनिलस्मृति गाउँपालिका सुलिचौर, रोल्पालाई सम्झनुपर्छ ।

(घ) "जोखिम" भन्नाले प्रकोपबाट हुनसक्ने क्षतिको सम्भावना सम्झनुपर्छ ।

(ङ) "कार्यविधि" भन्नाले विद्यालय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्झनुपर्छ ।

(च) "प्रकोप" भन्नाले कुनै पनि आकस्मिक क्षति गर्न सक्ने घटनाको सम्भावनालाई सम्झनुपर्छ ।

(छ) "विद्यालय" भन्नाले गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयलाई सम्झनुपर्छ ।

(ज) "विपद्" भन्नाले विद्यालय वा आसपासको क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आपतकालीन अवस्थामा सृजना भई विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको जनधनको क्षतिको साथै विद्यालयको नियमित पठनपाठनमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ ।

(झ) "विपद् कोष" भन्नाले विद्यालयमा विपद् सम्बन्धी कार्य गर्नका लागि स्थापना गरेको कोषलाई सम्झनुपर्छ ।

(ञ) "विपद् जोखिम न्यूनिकरण" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षति कम गर्ने तथा विपद् सम्बन्धि क्रियाकलापबाट जोखिमको न्यूनिकरण गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ट) "प्रतिकार्य" भन्नाले विपद्को घटना घट्ना साथ तत्कालै गरिने स्थानान्तरण, खोज तथा उद्धार, प्राथमिक उपचार, अस्थायी आवास खाना तथा यातायात व्यवस्थापन एवम् राहतसँग सम्बन्धित कार्यलाई सम्झनुपर्छ र सो शब्दले विपद्

प्रतिकार्य पूर्व तयारीलाई समेत जनाउदछ ।

(ठ) “विपद् व्यवस्थापन” भन्नाले विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसंग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनुपर्छ ।

(ड) “शाखा” भन्नाले गाउँपालिका विपद् व्यवस्थापन शाखालाई सम्झनुपर्छ ।

(ढ) “समिति” भन्नाले विद्यालय विपद् व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

३. **विद्यालय विपद् व्यवस्थापन समिति गठनः** (१) विद्यालयको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यहरु गर्न विद्यालय विपद् व्यवस्थापन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समिति देहाय बमोजिम हुनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -संयोजक

(ख) सम्बन्धित वडाको वडा सदस्य मध्ये वडा अध्यक्षले तोकेको एक जना सदस्य -सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिको सदस्य मध्येबाट व्यवस्थापन

समितिले सिफारिस गरेको एक जना

-सदस्य

(घ) अभिभावक संघको अध्यक्ष वा निजले तोकेको एक जना -सदस्य

(ङ) सम्बन्धित वडा विपद् व्यवस्थापन समितिबाट वडा विपद् व्यवस्थापन

समिति संयोजक वा निजले तोकेको एक जना

सदस्य

(च) बालसमूहका पदाधिकारीहरुमध्येबाट एक छात्र र एक छात्रा गरी दुई जना

-सदस्य

(छ) रेडक्रस वा स्काउट हेर्ने शिक्षक मध्येबाट एक जना -सदस्य

(ज) प्रधानाध्यापक

-सदस्य सचिव

(३) समितिले आवश्यकता अनुसार विपद् सम्बन्धी विज्ञ वा अन्य सरोकारवालालाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. **विद्यालय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : (१) विद्यालय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाको निर्माण, परिमार्जन, संशोधन तथा लागु गर्ने ।

(ख) विद्यालय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विभिन्न कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

(ग) योजनाहरुको कार्यान्वयन गर्नको लागि आवश्यक वजेटको व्यवस्था गर्ने गराउने।

(घ) विपद् कोषको स्थापना गरी उक्त कोष मार्फत सम्पूर्ण कार्यहरु गर्ने गराउने ।

(ङ) विद्यालय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विभिन्न गतिविधिहरुको निरीक्षण तथा अनुगमन गर्ने ।

(च) विद्यालय भित्र अथवा बाहिर हुन सक्ने सम्भावित प्रकोप तथा त्यसबाट हुने विद्यालय भित्र र बाहिरका संरचनात्मक तथा गैर संरचनात्मक जोखिमहरुको पहिचान तथा सुरक्षा मूल्याङ्कन गरी त्यसको न्यूनीकरण तथा निराकरण गर्ने ।

(छ) विपद् तथा जलवायु परिवर्तन सम्बन्धी कार्यको लागि आवस्यक सरसामानको बन्दोवस्तीगर्ने तथा चुस्तदुरुस्त वा तयारी हालतमा राख्ने ।

(ज) विद्यालयमा विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् प्रतिकार्य समूह, विपद् सचेतना तथा प्रशिक्षण समूह र सूचना तथा जानकारी समूहको निर्माण गरी कार्य प्रत्यायोजन गर्ने ।

(झ) विपद् प्रतिकार्य गर्नको लागि स्थानान्तर टोली, खोजी तथा उद्धार टोली, सुरक्षा टोली,

प्राथमिक उचार टोली, अस्थायी आवास खाना तथा यातायात व्यवस्थापन टोलीको गठन गरी तोकिएको कार्य गर्न मार्गदर्शन तथा निर्देशन दिने ।

(ञ) विपद् तथा जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा प्रशिक्षण कार्यक्रम आयोजना गर्ने गराउने ।

(ट) विपद्को जोखिम न्यूनिकरण गर्न पूर्व सूचना प्रणालीको व्यवस्था गरी जुन सुकै बेला प्रयोगमा ल्याउन सकिनेगरी तयारी हालतमा राख्ने ।

(ठ) सम्भावित विपद्हरुको प्रतिकार्य तथा व्यवस्थापन गर्न आवधिक पूर्वतयारी अभ्यास सञ्चालन गर्ने ।

(ड) अभिभावक तथा स्थानीय सरोकार वालाहरुसँगको समन्वय तथा सूचनाको आदान प्रदान गर्ने गराउने ।

(ढ) अपाङ्गता भएका बालबालिकाहरुको लागि समेत पूर्ण ख्याल गरी समावेशीताको आधारमा विपद् सम्बन्धी कार्यहरु गर्ने ।

(ण) फोहोरमैला तथा प्रदूषणको यथोचित व्यवस्थापन गरी त्यसबाट विद्यालय वा समुदायको बातावरण र बिद्यार्थीहरुको जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न विभिन्न कार्य गर्ने तथा बातावरणिय प्रभाव न्यूनिकरण सम्बन्धी विभिन्न कार्य गर्ने गराउने।

(त) स्थानीय पाठ्यक्रममा विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विषय समावेश गर्नको लागि शाखासामु सुझाव पेश गर्ने ।

(थ) विपद् व्यवस्थापन सम्बन्धमा सुनिलस्मृति गाउँपालिकाको विपद्

व्यवस्थापन समिति तथा शाखाले समय समयमा तोकेको कार्य गर्ने गराउने ।

५. **समितिको बैठक सम्बन्धी व्यवस्था** : (१) समितिको वैठक कम्तिमा प्रत्येक तिन महिनामा एकपटक बस्नेछ । तर आवश्यकता परेको खण्डमा जुनसुकै समयमा बस्न सक्नेछ।

(२) समितिको बैठक बस्नु भन्दा कम्तिमा एक दिन अगावै प्रमुख वा निजले तोकेको अधिकारीले सबै सदस्यहरुलाई बैठकको कार्यसूची उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या मानिनेछ ।

(४) बैठकको अध्यक्षता समितिको प्रमुखले गर्नेछ ।

(५) समितिको बैठकको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ । मत बराबर भएमा प्रमुखले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकको निर्णय समितिको प्रमुखले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **<u>विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समूहको गठन</u>** : विद्यालयको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न निम्न समूहहरुको गठन गरिनेछ ।

(१) विपद प्रतिकार्य समूह : विपद्को प्रतिकार्य गर्न निम्न टोलीहरुको निर्माण गरिनेछ ।

(क) स्थानान्तरण टोली

(ख) खोजी तथा उद्धार टोली

(ग) प्राथमिक उपचार टोली

(घ) सुरक्षा टोली

(ङ) अस्थायी आवास, खाना तथा यातायात व्यवस्थापन टोली

(२) विपद् सचेतना तथा प्रशिक्षण समूह

(३) सूचना तथा जानकारी प्रवाह समूह

७. **<u>स्थानान्तरण टोली</u>** : (१) विपद्को अवस्थामा विद्यार्थीहरुलाई कक्षा कोठा वा भवनबाट बाहिर जाने सुरक्षित ढोका हुँदै सुरक्षित स्थानमा लानका लागि स्थानान्तरण टोलीको गठन गरिनेछ ।

(२) स्थानान्तरण टोलीमा निम्न बमोजिमको व्यक्तिहरु रहनेछन् ।

(क) संयोजक – विज्ञान वा गणित विषयको शिक्षक मध्येबाट

(ख) सह-संयोजक- शिक्षकहरु मध्येबाट एकजना

(ग) सदस्य - प्रत्येक कक्षाको कक्षा शिक्षक

(घ) सदस्य - प्रत्येक कक्षाको कक्षा प्रतिनिधि विद्यार्थी

(ङ) सदस्य - खेलकुद सम्बन्धी शिक्षक

(च) सदस्य - स्काउट वा रेडक्रसका प्रतिनिधि

(३) स्थानान्तरण टोलीको काम तथा जिम्मेवारी निम्न बमोजिम हुनेछ ।

(क) विपद् पूर्व गरिने कार्यहरु : स्थानान्तरण सम्बन्धी प्रशिक्षण गर्ने तथा सहभागीता जनाउने, कक्षा कोठाबाट बाहिर सुरक्षित ठाउँमा निस्कने बाटोको पहिचान गर्ने, उक्त बाटोमा रहेका संरचनागत तथा गैर संरचनागत अन्तरनिहित कमजोरीहरुलाई ठीक गर्ने, सुरक्षित तबरले स्थानान्तरण हुने विधिहरु जसै डक, कभर र होल्ड प्रयोग गराउने, सुरक्षित ठाउँहरुको एकिन तथा व्यवस्थापन गर्ने,

आवश्यक सामग्रीहरुको बन्दोबस्त गरी सही तरकाले राख्ने आदी ।

(ख) विपद्को वेला गरिने कार्यहरु : विपद्को जानकारी भएलगत्तै विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई पूर्व निर्धारित सुरक्षित स्थानमा पुऱ्याउने, उनीहरुको संख्या एकिन गरी रिपोर्ट गर्ने आदि ।

(ग) विपद् पश्चात गरिने कार्यहरु : आकस्मिक रुपमा बसेको स्थान वा सुरक्षित भनिएको स्थान सुरक्षित रहेको वा नरहेको एकिन गर्ने, सुरक्षित स्थानमा रहेका विद्यार्थीको गणना तथा निगरानी गर्ने, खोज तथा उद्धारको कार्यमा संलग्न हुने आदी ।

(४) यदी कक्षा सञ्चालन भएको समयमा विपद् आएको खण्डमा विद्यार्थीहरुलाई स्थानान्तरण गर्ने जिम्मेवारी सम्बन्धित कक्षामा पढाउदै गरेको शिक्षकको हुनेछ ।

(५) स्थानान्तरण टोलीले गर्ने अन्य काम तथा जिम्मेवारी समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

८. **खोजी तथा उद्धार टोली** : (१) विद्यालयको भवन, कक्षाकोठा तथा अन्य स्थानमा विपद्को कारण घाइते अथवा अत्यन्तै खतरापूर्ण अवस्थामा रहेका विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई उक्त ठाउँबाट सुरक्षित स्थानमा लाने तथा घाइतेहरुको प्राथमिक उपचार तथा अन्य उपचारको लागि अस्पताल पुऱ्याउने कार्य गर्न खोजी तथा उद्धार टोलीको गठन गरिनेछ ।

(२) खोजि तथा उद्धार टोलीमा निम्न बमोजिमको व्यक्तिहरु रहनेछन् ।

(क) संयोजक – सहायक प्रधानाध्यापक

(ख) सह-संयोजक- आधारभूत तहबाट एक जना शिक्षक

(ग) सदस्य - प्रअले तोकेको दुइ जना शिक्षक प्रतिनिधिहरु

(घ) सदस्य - स्थानीय क्षेत्रमा बसोबास गर्ने भूपू प्रहरी, सैनिक, अग्नि नियन्त्रक तथा विपद् खोजी तथा उद्धारमा जानकार व्यक्तिहरुबाट एकजना

(ङ) सदस्य - स्थानीय युवा क्लवका अध्यक्ष वा प्रतिनिधिहरु एक एक जना

(३) खोजी तथा उद्धार टोलीको काम तथा जिम्मेवारी निम्न बमोजिम हुनेछ ।

(क) विपद् पूर्व गरिने कार्यहरु : खोजी तथा उद्धारको लागि आवश्यक सामाग्रीहरुको एकिन गरी तयारी हालतमा राख्ने, समय समयमा सम्भावित विपद्लाई मध्येनजर गरी खोज तथा उद्धार सम्बन्धी प्रशीक्षण तथा पूर्व अभ्यास गर्ने, फरक क्षमता भएका विद्यार्थीहरुको लागि विशेष योजना बनाउने आदी ।

(ख) विपद्को वेला गरिने कार्यहरु : विपद्को कारण विद्यालय भित्रै फसेका विद्यार्थी, शिक्षक तथा कर्मचारीको संख्या एकिन गर्ने, विपद्को जोखिममा परेका तथा प्रभावितहरुलाई सुरक्षित तरिकाले धैर्यताका साथ बस्न तथा नआतिन अनुरोध गर्ने, खोजी तथा

उद्धार कार्य यथाशिघ्र सूचारु गर्ने, उद्धार गरेका व्यक्तिहरुलाई सुरक्षित स्थानमा राख्ने, घाइतेको प्राथमिक उपचार गर्नको लागि प्राथमिक उचार टोली समक्ष पुऱ्याउने, थप उपचारको लागि अस्पताल पुऱ्याउने आदी ।

(ग) विपद् पश्चात गरिने कार्यहरु : विद्यालयको भवनहरुको पूर्ण रुपमा खोजी कार्य (आवाज निकालेर, आँखाले हेरेर, प्रत्येक कोठा वा ठाउँमा पुगेर) गर्ने, प्राथमिक उपचार टोलीलाई घाइते भएको स्थान जानकारी दिने, संरचनागत क्षतिको एकिन गर्ने, भत्किएका तथा टुटफुट संरचनाको सफाई गर्ने, सुरक्षित बालबालिका मैत्री स्थानको निर्माण गर्ने, फोहोरमैला तथा बातावरण प्रदुषण हटाउने, तथ्याङ्क संकलन गर्ने तथा रिफर्ट गर्ने आदी ।

(४) खोजी तथा उद्धार टोलीले गर्ने अन्य काम तथा जिम्मेवारी समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

९. **<u>प्राथमिक उपचार टोली :</u>** (१) विपद्को कारण घाईते भएका विद्यार्थी, शिक्षक तथा कर्मचारीको प्राथमिक स्वास्थ्य उपचार गर्नको लागि प्राथमिक उपचार टोलीको गठन गरिनेछ ।

(२) प्राथमिक उपचार टोलीमा निम्न बमोजिमको व्यक्तिहरु रहनेछन् ।

(क) संयोजक – विद्यालय स्वास्थ्यकर्मी तथा स्वास्थ्य विषयको शिक्षक

(ख) सह-संयोजक- प्राथमिक उपचार सम्बन्धी प्रशिक्षण लिएका शिक्षक प्रतिनिधि मध्येबाट वा संयोजकले तोकेको शिक्षक

(ग) सदस्य - रेडक्रस तथा स्काउटका प्रतिनिधि

(घ) सदस्य - प्राथमिक उपचार सम्बन्धी प्रशिक्षण लिएका व्यक्तिमध्येबाट

(ङ) सदस्य - सम्बन्धीत वडाको स्वास्थ्य चौकीबाट एक जना स्वास्थ्यकर्मी

(३) प्राथमिक उपचार टोलीको काम तथा जिम्मेवारी निम्न बमोजिम हुनेछ ।

(क) विपद् पूर्व गरिने कार्यहरु : प्राथमिक उपचार सम्बन्धी प्रशिक्षण गराउने, मेडिकल सामाग्रीहरुको एकिन गरी तयारी हालतमा राख्ने, विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको स्वास्थ्य सम्बन्धी प्रोफाइल तयार गर्ने, मनोरोग सम्बन्धी अवस्थाको अध्ययन तथा जानकारी लिई त्यसको रोकथाम तथा न्यूनिकरण गर्ने, स्वास्थ्यसँग सम्बन्धीत विपद्हरुको एकिन गरी पूर्व तयारी गर्ने तथा रिपोर्ट गर्ने आदी ।

(ख) विपद्को वेला गरिने कार्यहरु : प्राथमिक उपचार सम्बन्धी कार्य यथाशिघ्र सूचारु गर्ने, घाइते वा विरामीको अवस्था अनुसार अन्य

अस्पतालमा सिफारिस गर्ने, स्थानीय अस्पताल तथा स्वास्थ्य चौकीसँग समन्वय गर्ने आदी ।

(ग) विपद् पश्चात गरिने कार्यहरु : घाइते तथा विरामीको उपचारमा निरन्तरता दिने, उपचार सामग्रीहरु तथा स्वास्थ्यकर्मीको आवश्यकता अनुसार माग गर्ने, घाइते वा विरामीको तथ्याङ्क संकलन गर्ने, पुरानो रोग भएका विद्यार्थी, शिक्षक तथा कर्मचारीले खाने औषधीहरुको व्यवस्था गर्ने तथा समयमा खाए नखाएको एकिन गर्ने, मनोवैज्ञानिक परामर्श दिने आदी ।

(४) प्राथमिक उपचार टोलीले गर्ने अन्य काम तथा जिम्मेवारी समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

**१०. सुरक्षा टोली :** (१) विद्यालय हाता भित्र हुन सक्ने विभिन्न सुरक्षा चुनौतिको एकिन गरी त्यसको पूर्व तयारी, न्यूनीकरण तथा रोकथाम गर्न सुरक्षा टोलीको गठन गरिनेछ ।

(२) सुरक्षा टोलीमा निम्न बमोजिमको व्यक्तिहरु रहनेछन् ।

(क) संयोजक – खेलकुद वा शारीरिक शिक्षा सम्बन्धी शिक्षक

(ख) सह-संयोजक- शिक्षकहरुमध्येबाट प्रधानाध्यापकले तोकेको एक जना सदस्य

(ग) सदस्य - बालसमूहका पदाधिकारीहरुमध्येबाट २ जना प्रतिनिधि

(३) सुरक्षा टोलीको काम तथा जिम्मेवारी निम्न बमोजिम हुनेछ ।

(क) विपद् पूर्व गरिने कार्यहरु : विद्यालयमा आउन सक्ने सुरक्षा चुनौतिको एकिन गर्ने, चुनौतिको सामना गर्ने उपायहरु खोज्ने, सुरक्षा निकाय तथा नगर प्रहरीसँग सहकार्य तथा समन्वय गर्ने, सुरक्षा सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

(ख) विपद्को वेला गरिने कार्यहरु : सुरक्षाको प्रत्याभूति गर्ने, सम्भावित चुनौतिको एकिन गरी

त्यसको निराकरण गर्ने, सुरक्षा निकायहरुसँग समन्वय गर्ने, खोजी तथा उद्धारको कार्यमा लाग्ने आदी ।

(ग) विपद् पस्चात गरिने कार्यहरु : चोरी डकैति नियन्त्रण गर्ने, विद्यालयको चल अचल सम्पत्तिको सरक्षा गर्ने, विद्यार्थीको सुरक्षा गर्ने ।

(४) सुरक्षा टोलीले गर्ने अन्य काम तथा जिम्मेवारी समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

**<u>११. अस्थायी आवास, खाना तथा यातायात व्यवस्थापन टोली</u>** : (१) विपद्को समयमा अस्थायी रुपमा बसोबास गर्न, शुद्ध खानापनी, खाना, नास्ता तथा यातायातको व्यवस्था गर्न अस्थायी आवास, खाना तथा यातायात व्यवस्थापन टोलीको गठन गरिनेछ ।

(२) अस्थायी आवास, खाना तथा यातायात व्यवस्थापन टोलीमा निम्न बमोजिमको व्यक्तिहरु रहनेछन् ।

(क) संयोजक – प्रधानाध्यापक

(ख) सह-संयोजक- प्रधानाध्यापकले तोकेको एक जना शिक्षक प्रतिनिधि

(ग) सदस्य - वडा अध्यक्ष तथा निजले तोकेको एक जना वडा सदस्य

(घ) सदस्य - स्थानीय संघ संस्था तथा क्लवहरुबाट १/१ जना गरी २ जना

(३) अस्थायी आवास, खाना तथा यातायात व्यवस्थापन टोलीको काम तथा जिम्मेवारी निम्न बमोजिम हुनेछ ।

(क) विपद् पूर्व गरिने कार्यहरु : विपद्को बेला आवश्यक पर्ने खाद्य सामाग्रीको एकिन गर्ने तथा त्यसको उपलब्धताको सुनिश्चिता गर्ने, शुद्ध खानेपानीको व्यस्था गर्ने, अस्थायी आवासको लागि आवश्यक सामग्रीहरु जम्मा गर्ने, आकस्मिक समयमा आवश्यक पर्ने दमकल, एम्बुलेन्स लगाएत अन्य सवारी साधनहरुको सम्पर्क नम्वर तथा अन्य विवरण संकलन

गरी राख्ने, पूर्व अभ्यास तथाप्रशिक्षण गर्ने गराउने आदी ।

(ख) विपद्को वेला गरिने कार्यहरु : शुद्ध खानेपानीकोव्यवस्था गर्ने, खाना खाजाको व्यवस्था गर्ने, लत्ताकपडाको व्यवस्था गर्ने, अस्थायी बसोबासको लागि व्यवस्था मिलाउने, एम्बुलेन्स, दमकल लगायत आवश्यक सवारी साधन यथाशिघ्र बोलाउने आदी ।

(ग) विपद् पस्चात गरिने कार्यहरु : थप आवश्यक पर्ने खाद्यान्न सामाग्र मगाउने, शुद्ध खानेपानीको सुनिश्चिता गर्ने, खाना भान्साबाट उत्पन्न हुने फोहोरहरुको उचित व्यवस्थापन गर्ने, सम्पूर्ण विवरण चुस्तदुरुस्त राख्ने आदी ।

(४) अस्थायी आवास, खाना तथा यातायात व्यवस्थापन टोलीले गर्ने अन्य काम तथा जिम्मेवारी समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

**१२. विपद् सचेतना तथा प्रशिक्षण समूह** : (१) विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक तथा समुदायमा विपद् सम्बन्धी सचेतना तथा प्रशिक्षण प्रदान गर्न विपद् सचेतना तथा प्रशिक्षण समूहको गठन गरिनेछ ।

(२) विपद् सचेतना तथा प्रशिक्षण सम्बन्धी कार्य गर्न निम्न बमोजिमको व्यक्तिहरु समूहमा रहनेछन् ।

(क) संयोजक – शिक्षक प्रतिनिधि (नाटक, कला, नाचगान, संस्कृति आदि सम्बन्धी शिक्षक मध्येबाट)

(ख) सह-संयोजक- प्रधानाध्यापकले तोकेको शिक्षक प्रतिनिधि

(ग) सदस्य - कर्मचारी प्रतिनिधि

(३) विपद् सचेतना तथा प्रशिक्षण समूहको काम तथा जिम्मेवारी निम्न बमोजिम हुनेछ ।

(क) विपद् पूर्व गरिने कार्यहरु : विद्यालय तथा समुदायमा विपद् न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रमहरुको तर्जुमा गरी कार्यक्रम आयोजना गर्ने तथा सहजीकरण गर्ने, समय समयमा विपद् सम्बन्धी प्रशिक्षण गर्ने गराउने, विपद्को पूर्व सूचना

प्रणाली प्रयोगमा ल्याउने तथा पूर्व अभ्यास गराउने, सचेतना तथा प्रशिक्षणसँग सम्बन्धित खास सामाग्रीहरुको प्रवन्ध मिलाउने तथा मौज्दात राख्ने, सचेतना तथा प्रशिक्षण सम्बन्धी शाखाबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(ख) विपद्को वेला गरिने कार्यहरु : विपद्को समयमा हुन सक्ने अन्य जोखिम तथा अन्तनिहित कमजोरीहरुको पहिचान गरी त्यस सम्बन्धी सचेतना दिने आदी ।

(ग) विपद् पस्चात गरिने कार्यहरु : विद्यालय नजिकका समुदाय तथा अभिभावकहरुमा विपद्को थप प्रभाव सम्बन्धी सचेतना तथा प्रशिक्षण दिने, विपदबाट सिकाई भएका कुराहरु टिपोर्ट गर्ने, मानसिक वा मनोवैज्ञानिक परामर्श दिने, गाउँपालिका तथा अन्य सरोकारवालाबाट निर्देशित कार्यहरु लागू गर्नको लागि

विद्यालयका अन्य समूह वा टोलिहरुलाई प्रशिक्षण दिने आदि ।

(४) विपद् सचतना तथा प्रशिक्षण समूहले गर्ने अन्य काम तथा जिम्मेवारी समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

**१३. <u>सूचना तथा जानकारी प्रवाह समूह</u>** : (१) विपद् सम्बन्धी सूचना तथा अन्य जानकारीहरु विभिन्न श्रोतबाट प्राप्त गरी विद्यालयभित्र सम्प्रेषण गर्न तथा विद्यालयको सूचना अन्य सरोकारवालाहरु माझ पुऱ्याउन सूचना तथा जानकारी प्रवाह समूहको गठन गरिनेछ ।

(२) विपद् सम्बन्धी सूचना तथा जानकारी प्रवाह गर्न निम्न बमोजिमको व्यक्तिहरुको समूहको निर्माण गरिनेछ ।

(क) संयोजक – विद्यालयको सूचना अधिकारी

(ख) सह-संयोजक- विद्यालयको गुनासो सुन्ने अधिकारी वा लैगिंक फोकल शिक्षक

(ग) सदस्य - बालसमुह प्रतिनिधिबाट एकजना विद्यार्थी

(घ) सदस्य - शिक्षक प्रतिनिधि

(ङ) सदस्य - टोल विकास समिति मध्येबाट २ जना

(च) सदस्य - स्थानीय पत्रकारहरुमध्येबाट १ जना

(३) सूचना तथा जानकारी प्रवाह समूहको काम तथा जिम्मेवारी निम्न बमोजिम हुनेछ ।

(क) विपद् पूर्व गरिने कार्यहरु : सूचना लिने तथा प्रवाह गर्ने, तथ्याङ्क संकलन गर्ने, विपद् सम्बन्धी सूचना तथा समाचार छाप्ने, विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक तथा सम्बन्धित सरोकारवालाहरुको सम्पर्क नम्बर तथा ठेगाना सहितको जानकारी पुस्तिका निर्माण गर्ने र समय समयमा अद्यावधिक गर्ने, आकस्मिक सम्पर्क नम्बर तथा व्यक्तिहरुको नाम सबैले देख्ने गरी विद्यालयमा टास्ने आदी ।

(ख) विपद्को वेला गरिने कार्यहरु : स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रलाई सूचना गर्ने,

एम्बुलेन्स, अग्नि नियन्त्रक, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, नगर प्रहरी, अभिभावक लगायत सम्पूर्ण सरोकारवालाहरुलाई सम्पर्क गर्ने, विपद्को बेला तुरुन्त गर्नुपर्ने कार्यहरुको एकिन गरी जानकारी प्रवाह गर्ने, अन्य समूह वा टोलसँग समन्वय गर्ने, विपद्को सूचना संकलन गर्ने आदी ।

(ग) विपद् पस्चात गरिने कार्यहरु : विपद्को तथ्याङ्क संकलन गर्ने, तथ्याङ्कको आधारमा थप तयारी गर्नुपर्ने कार्यहरु एकिन गर्ने, उक्त कार्यहरु समिति समक्ष प्रवाह गर्ने, दैनिक रिपोर्ट कार्ड तयार पार्ने, सूचना सार्वजनिक गर्ने आदी ।

(४) सूचना तथा जानकारी प्रवाह समूहले गर्ने अन्य काम तथा जिम्मेवारी समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

**१४. घटना आदेश तथा नियन्त्रण प्रणाली** : (१) घटना आदेश तथा नियन्त्रण प्रणालीको कमान्डर (इन्सिडेन्ट कमान्डर) प्रधानाध्यापक हुनेछ ।

(२) विपद्को अवस्था आए लगत्तै प्रधानाध्यापकले घटना आदेश तथा नियन्त्रण प्रणालीको लागू गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रणालीको लागू भए लगत्तै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समूह तथा समूह अन्तर्गतका टोलीहरुको आफ्नो पूर्व परिभाषित कार्य सुचारु गर्नुपर्छ ।

(४) उपदफा (२) बमोजिमको विपद् सम्बन्धी विवरण विद्यालयको एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्टि गर्नुपर्नेछ।

**१५. आपतकालीन योजना तर्जुमा** : (१) संकटकालीन अवस्थामा जनधनको क्षति कम गर्नको लागि आ-आफ्नो काम तथा जिम्मेवारी अनुसार तत्काल काम सुचारु गर्न गराउन संकटकालीन योजना बनाउनु पर्नेछ ।

(२) योजना बनाउदा निम्न कुराहरुको विस्तृत अध्ययन, मूल्याङ्कन र प्रयोग गर्नु पर्दछ ।

(क)विद्यालय वरिपरिका भौतिक अवस्था,

(ख) संरचनात्मक मूल्याङ्कन,

(ग) भवनका सबै तल्लाहरुको आन्तरिक योजना,

(घ) विद्यालय परिसर भित्रका अन्य भौतिक संरचनाको नक्साङ्कन,

(ङ) खुल्ला तथा सुरक्षित ठाउँको नक्साङ्कन,

(च) संकटकालीन द्धार तथा बाटो (तुरुन्त भवन छाड्ने मार्ग),

(छ) स्थानान्तरण योजना,

(ज) खोजी तथा उद्धार,

(झ) प्राथमिक उपचार योजना,

(ञ) सूचना सङ्कलन र सम्पर्क योजना,

(ट) सुरक्षा योजना आदी ।

(३) उपदफा (२) मा उल्लेखित कुराहरुको आपतकालीन प्रयोग गर्न कार्यविधिमा तोके बमोजिमको कार्य र जिम्मेवारीको अनुसरण गर्नुपर्नेछ ।

(४) कार्यसूचीमा काम र जिम्मवारी स्पष्ट उल्लेख भएको हुनुपर्छ ।

(५) आपतकालीन योजनाको नक्साङ्कन सबैले देख्ने गरी सुरक्षित स्थानमा राख्नुपर्छ ।

**१६. विपद्को पूर्व सूचना प्रणाली** : (१) विपदबाट आपतकालीन अवस्था सृजना हुनु पूर्व वा विपद् आउदै छ

भनी जानकारी दिन विद्यालयले पूर्व सूचना प्रणालीको व्यवस्था गर्नेछ ।

(२) विद्यालयले व्यवस्था गरेको पूर्व सूचना प्रणाली सम्बन्धी पूर्णजानकारी सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारीलाई अनिवार्य दिनुपर्नेछ ।

**१७. आवधिक पूर्व अभ्यास** : (१) विद्यालयले विपद्को बेलामा गरिने प्रतिकार्य योजनाको प्रभावकारीताको जाँच गर्न र थप सुधार गर्न बेला बेलामा आपतकालीन नमुना अभ्यास गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पूर्व अभ्यास गर्दा कुनै एक सम्भावित विपद्को नमुना अभ्यास गर्न सकिनेछ ।

(३) विद्यालयले नमुना अभ्यास गर्दा कुनै कक्षा कोठामा आधारित रहेर वा पूरा विद्यालयमै समेत गर्न सक्नेछ ।

(४) पूर्व अभ्यास गर्दा स्थानान्तरण, खोजी तथा उद्धार, प्राथमिक उपचार, सुरक्षा, अस्थायी बसोबास, खाना तथा यातायात व्यवस्थापन पूरै वा कुनै एक कार्यको अभ्यास गर्न सकिनेछ ।

(५) नमुना पूर्व अभ्यास वर्षको १ पटक अनिवार्य गर्नुपर्नेछ । साथै नमुना अभ्यासका लागि गाउँपालिकासँगको समन्वयमा आवश्यक जनशक्ति, सामाग्री वा आर्थिक सहयोग गर्न सक्नेछ ।

**१८. पहिचान भएका प्रकोपहरुको न्यूनिकरण :** (१) विद्यालयले उच्च जोखिमको सम्भावना भएका प्रकोपहरुको पहिचान गर्नपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रकोपहरुको न्यूनीकरण तथा रोकथाम गर्न सम्बन्धित विद्यालयको विपद् व्यवस्थापन समितिले आवश्यक कार्य अगाडि बढाउनेछ ।

**१९. विपद्को जोखिम पहिचान तथा सुरक्षा मूल्याङ्कन :** (१) विद्यालय हाताभित्र वा आसपास हुन सक्ने सम्भावित विपद्हरुको एकिन गर्नपर्नेछ ।

(२) उपदफा (१) अनुसारको विपद्वाट उच्पन्न हुन सक्ने जोखिमको आकलन तथा पहिचान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जोखिमलाई संरचनात्मक तथा गैर संरचनात्मक जोखिममा वर्गीकृत गरी त्यसको जोखिम मूल्याङ्कन गर्नुपर्नेछ ।

**२०. अपाङ्गता भएका विद्यार्थीहरुको लागि विशेष व्यवस्था :** (१) अपाङ्गता भएका विद्यार्थीको लागि विशेष किसिमको जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनको ढाँचा तयार गर्नपर्नेछ ।

(२) उपदफा (१) अनुसारका विद्यार्थीको लागि आवश्यक पर्ने सामाग्रीहरुको एकिन गरी पूर्ण रुपमा उपलब्धताको सुनिश्चितता गर्नुपर्नेछ ।

**२१. बच्चाहरुको लागि उपयुक्त ठाउँ (चाइल्ड फ्रेन्डली स्पेस) को व्यवस्था** : (१) स-साना बच्चाहरुको लागि खेल्न मिल्ने ठाउँको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको ठाउँ सुरक्षित हुनुपर्नेछ ।

**२२. साझेदार तथा सरोकारवालाहरुसँग समन्वय गर्ने** : (१) विद्यालयले विपद् सम्बन्धी कार्य गर्दा विभिन्न साझेदार तथा सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गर्नुपर्ने हुन्छ ।

(२) समितिले साझेदार तथा सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरी कार्य गर्न गाउँ कार्यपालिकाबाट सिफारिस लिनुपर्नेछ ।

(३) साझेदार तथा सरोकारवालासँग वुद्धिमतापूर्वक सही तरिकाले समन्वय तथा सहकार्य गर्नु समितिको कर्तव्य हुनेछ ।

**२३. राहत सम्बन्धी व्यवस्था** : (१) समितिले विपद् पश्चात राहत वा पुनर्लाभ सम्बन्धी आवश्यकता एकिन गरी गाउँ कार्यपालिका समक्ष माग गर्नु पर्नेछ ।

(२) उपलब्ध राहतको वितरण गर्दा गाउँपालिकाको प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

(३) राहत वितरणको अभिलेख चुस्त दुरुस्त राखी प्रमाणित गर्नुपर्नेछ ।

**२४. सहयोग लिन सकिने** : (१) विद्यालयले विपद् सम्बन्धी कार्यहरु सञ्चालन गर्न विभिन्न सरकारी तथा गैरसरकारी

निकाय, संघ संस्था तथा व्यक्तिहरुबाट जुनसुकै सहयोग लिन सक्नेछ ।

(२) व्यक्ति वा संस्थाले नि:शूल्क सामाग्री प्रदान गर्दा तोकिएको गुणस्तर मापदण्ड पूरा भएको तथा म्याद गुज्रिने भए त्यसको समय कम्तिमा ६ महिनाको भएको हुनुपर्नेछ ।

(३) सहयोग प्राप्त गर्दा गाउँपालिकाको सिफारिस लिनुपर्नेछ ।

**२५. अन्य विद्यालयसँग समन्वय, सहकार्य तथा सहयोग गर्न सक्ने :** (१) गाउँपालिका भित्रको कुनै एक विद्यालयले अर्को विद्यालयलाई विपद् सम्बन्धी कार्यमा समन्वय, सहकार्य तथा सहयोग गर्न सक्नेछ । यसरी सहयोग गर्दा आर्थिक, भौतिक तथा प्राविधिक सहयोग गर्न सकिनेछ ।

(२) विद्यालयहरु बिच एक आपसमा सहकार्य गरी ज्ञान तथा प्रविधि आदानप्रदान गर्दै विपद् सम्बन्धी संयुक्त कार्य गर्न सकिनेछ ।

**२६. विपद् सम्बन्धी सामग्रीहरुको मौज्दात व्यवस्थापन :** (१) विपद् सम्बन्धी सामाग्रीहरुको मौज्दात व्यवस्थापन गर्न समितिले एक कर्मचारी वा शिक्षकलाई जिम्मेवारी तोक्न सक्नेछ ।

(२) विपद् सम्बन्धी सामाग्रीहरु प्राप्ति, भण्डारण, प्रयोग तथा मौज्दातको विवरण चुस्त दुरुस्त तथा तयारी हालतमा राख्नु पर्नेछ ।

(३) शाखाले विपद् सम्बन्धी सामाग्रीहरुको मौज्दात विवरण जुनसुकै बेला माग गर्न सक्नेछ ।

**२७. अभिलेख सम्बन्धी व्यवस्था** : (१) देहाय बमोजिमको विवरण कम्तिमा ५ वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

(क) खरिद गरिएका, सहयोगमा प्राप्त गरेका सामाग्रीको विवरण,

(ख) प्रयोग भएका सामाग्रीको विवरण,

(ग) भण्डारण गरिएका सामाग्रीको विवरण,

(घ) विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, गाउँपालिकाका निकाय तथा अन्य सरोकारवालाहरुको सम्पर्क तथा अन्य जानकारी,

(ङ) विद्यालयको विपद् सम्बन्धी प्रोफाइल,

(च) विपद् सम्बन्धी नीति नियम तथा अन्य कागजात,

(छ) सचेतना तथा प्रशिक्षण सम्बन्धी कार्यक्रमको विवरण,

(ज) अन्य सम्बन्धीत अभिलेखहरु ।

**२८. स्वयंसेवक परिचालन गर्न सकिने** : (१) विद्यालयले विपद्को बेला आवश्यक पर्ने स्वयंसेवक खटाउन सक्नेछ ।

(२) स्वयंसेवकको काम, जिम्मेवारी तथा समय समितिले तोके बमोजिमको हुनेछ ।

**२९. आर्थिक श्रोतको व्यवस्थापन, विपद् कोषको स्थापना तथा सञ्चालन :** (१) विद्यालयमा विपद् सम्बन्धी कार्य सञ्चालन गर्न गाउँ कार्यपालिकाले छुट्टै रकम उपलब्ध गराउन सक्नेछ ।

(२) विपद् सम्बन्धी कार्य गर्नको लागि विद्यालयले छुट्टै विपद् कोषको स्थापना गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विपद् कोषको सञ्चालन विद्यालय विपद् व्यवस्थापन समितिले गर्न सक्नेछ ।

(४) विपद् कोषमा नेपाल सरकारका विभिन्न निकाय, संघसंस्था, व्यक्ति वा निकायबाट सहयोग प्राप्त रकम जम्मा गर्न सकिनेछ । तर यसरी विभिन्न व्यक्ति वा निकायबाट सहयोग प्राप्त गर्नु पूर्व गाउँ कार्यपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

**३०. आयव्ययको हिसाव:** (१) प्रत्येक आर्थिक वर्षको अन्त्यमा विपद् कोषको आयव्ययको हिसाव फर्स्यौट गर्नुपर्नेछ ।

(२) आर्थिक वर्ष समाप्त पश्चात विद्यालयले आन्तरिक लेखा परीक्षण गराउनु पर्नेछ ।

(३) विपद् कोषको लेखा परिक्षण प्रचलित कानुन बमोजिम गाउँपालिकाले तोकेको लेखा परिक्षकबाट हुनेछ ।

(४) प्रत्येक आर्थिक वर्षको अन्त्यमा विपद् सम्बन्धी सामाग्रीहरुको खरिद, खर्च तथा मौज्दात विवरणको हिसाव सन्तुलन परिक्षण गर्नुपर्नेछ ।

**<u>३१. मासिक एवम् वार्षिक प्रतिवेदन</u>** : (१) विद्यालयले प्रत्येक ६ महिनामा विपद् सम्बन्धी कार्यक्रम तथा मौज्दातको विवरण सहितको आफ्नो प्रतिवेदन शाखा समक्ष सातौं महिनाको पहिलो हप्ता भित्र पेश गरिसक्नु पर्नेछ ।

(२) प्रत्येक आर्थिक वर्ष समाप्त भएको पहिलो महिना भित्र आफ्नो कार्य प्रगति तथा मौज्दात विवरण शाखा समक्ष पेश गर्नुपर्नेछ ।

**<u>३२. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था</u>** : (१) विद्यालय विपद् सम्बन्धि भए गरेका कार्यक्रमको अवस्था एवं उक्त कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि गाउँपालिका विपद् व्यवस्थापन समिति तथा गाउँ कार्यपालिकाले नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

**<u>३३. निर्देशन दिन सक्ने</u>** : (१) यस कार्यविधिमा उल्लेख गरिएका बाहेक समयसापेक्ष रुपमा विपद् सम्बन्धी कार्यक्रम सञ्चालनको विषयमा गाउँपालिका विपद् व्यवस्थापन समिति

तथा गाउँकार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशन पालन गर्नु प्रत्येक विद्यालयको कर्तव्य हुनेछ ।

**३४. प्रचलित कानुन बमोजिम हुने** : (१) यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानुनमा लेखिए बमोजिम हुनेछ ।

३५. कार्यविधिमा हेरफेर तथा संशोधनः यस कार्यविधि हेरफेर तथा संशोधन गर्ने अधिकार गाउँकार्यपालिकामा रहनेछ ।

आज्ञाले
नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत